# टिकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टिकापुर,कैलाली
## सुदुरपश्चिम प्रदेश,नेपाल

### धानको उन्नत बीउ खरिद सम्वन्धी सिलवन्दी दरभाउ पत्र आव्हानको सुचना ।

**ठेक्का सुचना नं.: TMO/कृषि-27/2078/2079**

**(प्रथम पटक प्रकाशित मिति :२०७९/०१/०६)**

आ.व २०७८/०७९ को स्वीकृत सर्शत तर्फको कार्यक्रम अनुसार यस कार्यालयको कृषि विकास शाखाका लागी आवश्यक धान बालीको उन्नत बीउ (सर्जु-५२) सिलबन्दी दरभाउ पत्र आव्हान गरि खरिद गर्नु पर्ने भएकाले सम्वन्धित कार्यको लागि इजाजत प्राप्त ईच्छुक कृषि फर्म,कम्पनी तथा बिउ उत्पादक सहकारी संस्थाबाट निम्न शर्तहरूको अधिनमा रहि रितपुर्वकको सिलवन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

१.दरभाउपत्र फारमहरू प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र रू.१०००(अक्षरूपी एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरि प्राप्त गरेको रसिद,आ.ब ०७८/०७९ लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाण पत्र ,कर चुक्ताको प्रमाणपत्र, खरिद कारर्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयम उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कैलै निवेदन संलग्न गरी यस कार्यालयबाट दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउ पत्र खरिद गर्न सक्नेछन र १६ औ दिनको १२:०० बजे भित्र टिकापुर नगर कार्यपालिकाको कार्यालय, टिकापुर, कैलालीमा सिलबन्दी दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ।दर्ता भएका दरभाउपत्रहरू सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा टिकापुर नगरपालिकाको कार्यालय,कैलालीमा खोलिनेछ ।

२.दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३.सिलबन्दी दरभाउ-पत्र साथ धरौटी बापतको रकम टीकापुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,टिकापुरको नाममा नेपाल बैंक लिमिटेड, टिकापुरमा रहेको धरौटी खाता नं.१०७०३०००००३००००००००१ खातामा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० (नब्बे) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (विड वण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्र विक्री गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै कार्यालय खोलिने दिनमा उक्त कार्य हुनेछ ।

५.म्याद नाघी रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६.नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरू पूर्ण वा आंशिक,स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८.यस सम्वन्धि विस्तृत जानकारीको लागी दरभाउपत्र फारम (BID)अध्ययन गर्नहुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको कृषि विकास शाखा र राजश्व उपशाखामा सम्पर्क गर्न सकिने छ ।

९.यो सुचनामा उल्लेखित हुन छुट भएका अन्य कुराहरू सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात,सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

तपशिल:

| क.स. | ठेक्का सुचना नं. | विवरण | लागत अनुमान रकम रू. | धरौटि रकम रू. | दरभाउ पत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | TMO/ कृषि - 27/2078/2079 | धानको उन्नत बीउ (सर्जु-५२) खरिद | १९,९९,९००।- | ५९,५००।- | १,०००।- |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत